# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

(महाशाखा नं. ९)

स्थानीय तह क्षमता
विकास महाशाखा
दर्ता नं. ८२
मितिः ०७५/०७/०८

पत्र सङ्ख्या :- Div-9-7980/ मि.नं.१४६० भौतिक
चलानी नं :- ९८८०

मितिः २०७५/०५/०२

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

दर्ता नं. ५९
मिति ०७५/५/८

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरबार, काठमाडौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
सिंहदरबार, काठमाडौं।
श्री संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।
श्री शहरी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।
श्री गुणस्तर तथा नापतौल विभाग,
बालाजु, काठमाडौ
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण,
बबरमहल, काठमाडौं।

श्री सूचना प्रविधि शाखा
• अन्तर्गतका निकाय,
• सबै स्थानीय तह
• प्रदेश मामाहरुलाई
जानकारी गराउने।

देशमा आयात भएका अधिकांश बिटुमिन साउदी अरेविया, ईरान, ईराकबाट आयात भएको कम गुणस्तरको सस्तो हुने गरेको र यसको सडक, बिमानस्थलको धावनमार्ग जस्ता निर्माणमा प्रयोग हुँदा संरचना कमजोर भै Design Lite भन्दा अगाबै बिग्रने गरेको बुझिन्छ। यस्ता समस्याहरुको दिर्घकालिन समाधानका लागि नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र गुणस्तर तथा नापतौल विभागलाई समन्वयात्मक रुपमा निम्नानुसार व्यवस्था गर्न सम्बन्धित निकायमा लेखी पठाउने।

क) आयातहुने बिटुमिनको निर्माताबाट प्राप्तहुने गुणस्तर प्रमाणपत्रको अलावा भन्सार प्रवेश बिन्दुमा समेत Sample लिई परीक्षण गराउने अनिवार्य व्यवस्था लागु गर्ने।

ख) निर्माणको जिम्मालिने निकायले स्पेसिफिकेसनमा तोकिए बमोजिम गुणस्तर परीक्षण अनिवार्य रुपमा गराउने र Threshold तोकी सो भन्दा बढी रकम वा प्राविधिक जटिलता भएका निर्माणमा तेस्रोपक्षबाट Random sampling र गुणस्तर परीक्षणको व्यवस्था गर्ने।

१२६२१८०, ४२६२२४७, टोलफ्रि नं. : १६६०-०१-११११३, फयाक्स : ४२६२१२८, ४२६२१०४ E-mail : akhtiyar

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
(महाशाखा नं.९)

संख्या :-
चलानी नं :-

ग) सडक विभागको Central Material Testing laboratory मा Wax Content परिक्षण गर्ने सुविधा तुरुन्त स्थापना गर्ने (अन्तराष्ट्रीय बजारमा $५०० देखि $३००० मा Wax Content Testing Machine उपलब्ध देखिन्छ)।

घ) सडक विभागका पाँच बटै क्षेत्रिय कार्यालयहरुमा एक/एक वटा स्तरीय प्रयोगशालाको निर्माण र संचालन गर्ने व्यवस्था गर्ने।

ङ) नेपालको वातावरणमा सडक निर्माणमा उपयूक्त हुनसक्ने Crumb Rubber Modified Bitumen (CRMB), Bitumen Emulsion ई. जस्ता सामाग्रीको प्रयोग गर्न Research गर्ने र Specifications तथा Norms को ब्यबस्था यथासिघ्र मिलाउने। भनि यस आयोगबाट मिति २०७०/०९/१९ मा निर्णय भएको।

यसरी आयोगबाट मिति २०७०/०९/१९ मा भएको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका साथै विभिन्न मन्त्रालय र निकायलाई प.सं. २/२भौ२७१२/०७०/०७१ च.नं. १०६ मिति २०७०/०९/२२ मा निर्णय कार्यान्वयनका लागि लेखी पठाएको मिसिल संलग्न कागजातहरूबाट खुल्दछ, निर्णय कार्यान्वयनको विषयमा विभिन्न मितिमा समन्वयात्मक बैठकहरु वसेको, नेपाल गुणस्तर मापदण्ड तोकिएको र विभिन्न निकायहरुबाट निर्णय कार्यान्वयन भएको जानकारी समेत प्राप्त भएतापनि गुणस्तर परीक्षण र नियन्त्रणको विषय एक निरन्तर गरिरहनु पर्ने प्रक्रिया र कार्य भएको र उक्त गुणस्तर परीक्षण र नियन्त्रणको विषयमा निरन्तर कार्य गर्ने जिम्मेवारी सम्बन्धित निकायको नै रहेको हुँदा सो सम्बन्धमा प्रचलित कानुन बमोजिम जो जे गर्नु पर्ने हो गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,शहरी विकास मन्त्रालय, गुणस्तर तथा नापतौल विभाग र नेपाल नागरिक उड्डयन प्राधिकरण,बबरमहललाई लेखी पठाई प्रस्तुत मि.नं.१४६० को अनुगमन तर्फको लगतकट्टा गरिएको व्यहोरा आयोगको मिति २०७९/०५/०१ को निर्णयानुसार अनुरोध छ।

(नारायणदत्त उपाध्याय)
शाखा अधिकृत

: ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np